# आ.व.२०७८/०७९ को
# तेस्रो नगर कार्यपालिका बैठकका निर्णयहरु

मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
विक्रम संवत् २०७८ साल पुस २१ गते

मितिः २०७८/०९/२१ गतेको नगर कार्यपालिकाको ६०औं बैठक

प्रस्तावहरुः

१) प्रशासकीय भवन सम्बन्धमा ।

२) विशेष र समपुरक अनुदानको लागि योजना छनौट सम्बन्धमा ।

३) नगर अस्पताल सम्बन्धमा ।

४) सडक बोर्ड योजना अनुमोदन सम्बन्धमा ।

५) कर्मचारीको पदपूर्ति सम्बन्धमा ।

६) ईसिडी शिक्षक सम्बन्धमा ।

७) योजना संशोधन सम्बन्धमा ।

८) आर्थिक सहयोग सम्बन्धमा ।

९) पशु पूर्ण खोप कार्यक्रम सम्बन्धमा ।

१०) स्वास्थ्य संस्था इजाजत तथा नविकरण सम्बन्धमा ।

११) प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।

१२) करार र अस्थायी कर्मचारीको म्याद थप सम्बन्धमा ।

१३) दररेट स्वीकृत गर्ने सम्बन्धमा ।

**१. निर्णय नं १**

प्रस्ताव नं १ उपर छलफल गर्दा विगतमा राष्ट्रीय योजना आयोगबाट समपूरक योजना अन्तर्गत कार्यान्वयनमा रहेको यस मध्यनेपाल नगरपालिकाको प्रमुख प्रशासकीय भवन विगतका वर्षदेखि टेन्डर भई कार्यान्वयनमा रहेकोमा चालु आ.व. मा पनि समपुरक योजनाको लागि प्रस्ताव पेश गर्नुपर्नेमा प्रमुख प्रशासकीय अधिकृतको छिटो छिटो सरुवाको कारण कार्यालयको संस्थागत सम्झना " Institutional Memory" को अभावमा त्यो छुट हुन गई हाल निर्माणको अन्तिम चरणमा रहेको भवनको भुक्तानी रोकीएकाले आवश्यक रकमको व्यवस्था गरिदिनुहुनको लागि संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो ।

**२. निर्णय नं २**

प्रस्ताव नं २ उपर छलफल गर्दा यस मध्यनेपाल नगरपालिकाको आ.व. २०७९।०८० का लागि तपशिल बमोजिमका विशेष र समपुरक अनुदानबाट सञ्चालित हुने योजनाहरु छनौट गरी प्राथमिकीकरणका आधारमा राष्ट्रिय योजना आयोगमा पठाउने निर्णय गरियो ।

**विशेष अनुदान तर्फका योजनाहरुः**

१.वर्थिङ्ग सेन्टर सहितको डढुवा स्वास्थ्य चौकी भवन निर्माण

२. बर्थिङ्ग सेन्टर सहितको बाङ्ग्रे स्वास्थ्य चौकी निर्माण

३. मादी नदी नियन्त्रण तथा सडक करिडोर निर्माण

४. करापुटार सिंचाई आयोजना

**समपुरक अनुदान तर्फका योजनाहरुः**

१. भोर्लेटार बाङग्रे बेशी कालोपत्रे सडक निर्माण

२. चर्दि पुल निर्माण

३. रामबजार कालोपत्रे सडक निर्माण

४. सोतीपसल पाण्डे गाउँ कालोपत्रे सडक निर्माण

५. कोल्ड स्टोर निर्माण

६. जिताबेशी वडा कार्यालय मोटर बाटो कालोपत्रे

**३. निर्णय नं ३**

**प्रकरण १-** प्रस्ताव नं ३ उपर छलफल गर्दा यस नगरपालिकाको निर्माणाधीन अस्पतालमा माटो कटिङ्गको लागि V.O गरीदिन भनि ठेकेदार हनुमान कन्ट्रक्सनले निवेदन दिएकोमा मिति २०७८/०७/१४ मा प्रमुख प्रशासकीय अधिकृतको तोक आदेशबाट गठित समितिको प्रतिवेदन स्वीकृत गरियो ।

प्रकरण २- उक्त समितिको प्रतिवेदन अनुसार अस्पतालको डि.पि.आर. गर्दा माटोको कटान सम्बन्धमा उल्लेखित परिणाम कम भई ठेक्का गर्दा पनि सोही परिणाम पर्न गएकाले उक्त परिमाणमा थप ३५०१९cum

माटो कटान गर्ने र त्यसको लागि ठेकेदासँग negotiated गरी निर्धारीत दररेट रु ८० प्रति घ.न.मि.को दरले हुने कूल रु ३१६५७५३.७३।- को लागत स्वीकृत गरियो ।

प्रकरण ३- उक्त माटो कटान हुँदा आउने पाखोको संरक्षणको लागि सेरवाल निर्माण गर्दा हुने रु १९३६३४१।- को लागत अनुमान स्विकृत गरियो ।भुक्तानि गर्दा ठेकेदारले गरेको कबुल अनुसारको दररेटमा भुक्तानी दिने निर्णय गरियो ।

प्रकरण ४ - प्रकरण २ को v.o. को रकम अन्तिम बिल भुक्तानी गर्दा भुक्तानी गर्ने र प्रकरण ३ को रकम B.O.Q. को सम्बन्धित परिमाण भुक्तानी गर्ने। यो परिणाम बढी हुन आएमा अन्तिम भुक्तानी v.o. गरी भुक्तानी दिने निर्णय गरियो ।

**४. निर्णय नं ४**

प्रस्ताव नं ४ उपर छलफल गर्दा आ.व. २०७७।०७८ को लागि सडक बोर्ड नेपालबाट मिति २०७८।०९।०७ गतेको पत्रबाट यस मध्यनेपाल नगरपालिकाको सडक मर्मत संभार गर्नको लागि निकासा भएको रकमलाई समर्थन गर्ने र उक्त रकम गत आ.व.मा सञ्चालित रहेका भोर्लेटार बाग्रेबेशीं हाँडीखोला सडक र सोतीपसल जिताकोट बिमिरेभञ्याङ सडकलाई भुक्तानी गर्ने निर्णय गरियो ।

**५. निर्णय नं ५**

प्रस्ताव नं ५ उपर छलफल गर्दा यस नगरपालिकामा अन्तर्गत स्वास्थ्य सेवा तर्फ स्थायी दरबन्दीमा कार्यरत कर्मचारिहरु अध्ययन बिदा स्वीकृत गरी अध्ययन गर्न गएकोले सो दरबन्दीमा निजहरु अध्ययन सकी फिर्ता नभईञ्जेलसम्मको लागि करार सेवाबाट पदपूर्ति गर्ने र यस मध्यनेपाल नगरपालिकामा रिक्त रहेको असिस्टेण्ट सब ईन्जिनियर पदमा करार सेवा बाट २ जना असिस्टेण्ट सब–ईन्जिनियर पदपूर्ति गर्ने र मध्यनेपाल नगरपालिका वडा नं १० मा कर्मचारी सरुवा भई अन्यत्र जानुभएकोले सेवा प्रवाहमा बाधा उत्पन्न हुने भएकोले उक्त सेवा प्रवाहलाई सरल र सहज बनाउने उद्धेश्यका लागि तहाँ वडा कार्यालयको कामकाज गर्ने हेतुले १ जना कम्प्यूटर अपरेटर दैनिक रु ६०० ज्याला दिने गरी ज्यालादारीमा नियुक्तीका लागि आवश्यक कार्य अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिने निर्णय गरियो ।

**६. निर्णय नं ६**

१.प्रस्ताव नं ६ उपर छलफल गर्दा आ.व. ०७८/७९ देखि नेपाल सरकारले बजेट बक्तव्यमा उल्लेख भए बमोजिम नेपाल सरकारले निर्धारण गरे बमोजिम न्यूनतम पारिश्रमिक रु १५ हजार पुर्याउदा थप गर्नु पर्ने रकम सम्बन्धित स्थानीय तहले व्यहोर्ने उल्लेख भए बमोजिम विद्यालय सहायक, बालविकासका कार्यकर्ता र माध्यामिक विद्यालयका विद्यालय सहयोगीलाई मासिक रु १५ हजार र प्राथमिक तथा आधारभूत तहका सहयोगीहरुको लागि मासिक रु १२ हजार पुर्याउने निर्णय गरियो ।

२.रकम उपलब्ध गराउन नगरपालिकालाई थप करिब ५० लाख रकम आवश्यक पर्ने हुँदा नगरस्तरीय योजनाहरु कटौती गरी सो रकम व्यवस्थापन गर्ने । सो रकम बराबर स्रोत व्यवस्थापन हुन नसकेमास्रोत व्यवस्थापन भए बराबरको रकम अनुसार खर्च लेखि बाँकी रकम अगामी आ.व. मा व्यवस्थापन गरी उपलब्ध गराउने निर्णय गरियो ।

७. **निर्णय नं ७**

१.प्रस्ताव नं ७ उपर छलफल गर्दा यस मध्यनेपाल नगरपालिका वडा नं ९ मा नगर स्तरीय योजना अन्तर्गत लैंगिक समानता तथा समावेशिकरण तर्फको क्रम संख्या १२ मा रहेको जनविकास आमा समूह भदौरेका लागि विनियोजित भएको रकम रु ३ लाखको योजना संशोधन गरी जनज्योती प्रा.वि. भदौरेको भवन निर्माण कार्यमा खर्च गर्ने,

२.वडा नं २ मा वडा स्तरीय ग सि नं. २५ को दुरा समाज भवन ट्रस निर्माण योजनाको लागि विनियोजित रकम रु दुई लाखको योजना संशोधन गरी दुरा समाज भवन मर्मत तथा शौचालय निर्माण कायम गर्ने,

३.नगरस्तरीय योजनामा मध्यनेपाल नेवार समाज दुईपिप्लेलाई रु चार लाख र वडा स्तरीय योजनामा मध्यनेपाल नेवार समाज नेवा संस्कृति संरक्षण कार्यक्रमलाई रु एक लाख विनियोजन गरिएकोमा उक्त दुवै शिर्षकलाई समायोजन गरी मध्यनेपाल नेवार समाज भवन निर्माण शीर्षकमा खर्च गर्ने निर्णय गरियो ।

४.नगर स्तरीय योजना अन्तरगत खानेपानी तर्फको क्रम संख्या ३ रातमाटा खानेपानी योजना तर्फको तीन लाख रुपैंया लैगिंक समानता तथा समावेशीकरण तर्फ क्रम संख्या १७ को रातामाटा मेलमिलाप आमा समूह शीर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

५.नगर स्तरीय योजना अन्तरगत पूर्वाधार विकास तर्फको क्रम संख्या ५३ को गाउँ मन्दिर तथा मोटरबाटो निर्माण ध्यौउसीबासलाई रातामाटा थापा गाउँ मन्दिर तथा मोटरबाटो शीर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

६.वडा स्तरीय योजना तर्फको पूर्वाधार विकास तर्फको क्रम संख्या ७२ को आर्ने बाटो निर्माण तर्फ रहेको रु ५० हजारलाई अपाङ सहायक सामाग्री वितरण तर्फ विनियोजन गर्ने निर्णय गरियो ।

७.वडा स्तरीय योजना तर्फ वेत्यानी शीर्षकमा रु १ लाख छुट्याइएकोमा सो नाम संशोधन गरी वेत्यानी सिंढी बाटो निर्माण कायम गर्ने ।

८.वडा स्तरीय योजना तर्फको मजुवा बेशी शीर्षकमा रु १ लाख छुट्याइएकोमा सो नाम संशोधन गरी विश्वज्योती प्रा वि कम्पाउण्ड निर्माण कायम गर्ने ।

९.वडा स्तरीय योजना तर्फको गैरी गाउँ आमा समूह भवन मर्मत  शीर्षकमा रु १ लाख ५० हजार छुट्याइएकोमा सो नाम संशोधन गरी वडा कार्यालय गेट निर्माण र तारबार निर्माण कायम गर्ने ।

१०. नगर स्तरीय योजनाबाट साईराम मन्दिरमा रु दुई लाख र वडा स्तरीय योजना तर्फ साइराम मन्दिर निर्माण शीर्षकमा रु २ लाख छुट्याइएकोमा दुवै शीर्षकलाई समायोजन गरी साईराम मन्दिर निर्माण शीर्षकमा एकमुष्ट रु चार लाख कायम गर्ने निर्णय गरियो ।

**८. निर्णय नं ८**

प्रस्ताव नं ८ उपर छलफल गर्दा यस मध्यनेपाल नगरपालिका वडा नं १० बस्ने मोहन के.सी मुत्र थैलीको क्यान्सर सम्बन्धी समस्याबाट बिरामी भई थप उपचारको लागि हस्पिटलमा उपचाररत रहनु भएकोले निजको परिवारको अवस्था ज्यादै कमजोर रहेको हुनाले स्वास्थ्य उपचारमा आर्थिक सहयोग गर्ने हेतुले यस नगरपालिकाको नगर प्रमुख आर्थिक सहायता कोष शीर्षकबाट खर्च गर्ने गरी रु ५० हजार सहयोग स्वरुप प्रदान गर्ने र लमजुङ टेलरिङ व्यवसायी संघको सम्पन्न जिल्ला अधिवेशनका लागि नगर प्रमुख आर्थिक सहायता रकमबाट खर्च गर्ने गरी रु ५० हजार सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**९.निर्णय नं ९**

प्रस्ताव नं ९ उपर छलफल गर्दा यस भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लमजुङ बाट चालु आ.व.२०७८।०७९ मा संचालन हुने स्थानीय तहमा पशु पूर्ण खोप कार्यक्रमलाई सफल पार्न आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

**१०.निर्णय नं १०**

प्रस्ताव नं १० उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका वडा नं ४ स्थित रिस्ती मादी अस्पताल प्रा.लि. र मध्यनेपाल नगरपालिका वडा नं ६ स्थित मध्यनेपाल अस्पताल प्रा. लि. ले दर्ताका लागि निवेदन पेश गरेको र मध्यनेपाल ४ स्थित दुईपिप्ले अस्पताल प्रा.लि. ले अस्पताल नविकरणका लागि नविवेदन पेश गरेकोमा उक्त अस्पतालहरु मध्यनेपाल नगरपालिकामा स्वास्थ्य संस्था दर्ता अनुमति तथा नविकरण सम्बन्धी कार्यविधि २०७८ अनुसार गठन भएको प्राविधिक समितिले अनुगमन गरे पश्चात पेश गरेको प्रतिवेदनमा उक्त तीन वटै अस्पतालहरुको मापदण्ड अपुरो देखिएको हुँदा सो मापदण्ड ६ महिना भित्र पुरा गर्ने गरी रिस्ती मादी अस्पताल प्रा. लि. र मध्यनेपाल अस्पताल प्रा.लि.लाइ इजाजतपत्र दिने र दुईपिप्ले अस्पताल प्रा.लि. लाइ नविकरण गरि दिने र तोकिएको अवधिमा मापदण्ड पुरा नगरे इजाजत पत्र स्वत खारेज हुने निर्णय गरियो ।

**११.निर्णय नं ११**

प्रस्ताव नं ११ उपर छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यूवा रोजगारीका लागी रुपान्तरण पहल आयोजना तथा कामका लागी पारिश्रमीकमा आधारित आयोजनाका लागी आ.व.२०७८/०७९ का लागी विनियोजित बजेट कुल बयानब्बे लाख पाँच हजार मध्यनेपाल नगरपालिका भित्रका दश वटा वडामा सूचिकृत बेरोजगार ब्यक्तिहरुको संख्याको आधारमा देहाय बमोजिम छुट्टाइएको छ ।

| क्र. स. | वडाको नाम | विनियोजित रकम | कैफीयत |
|---|---|---|---|
| १ | जिता | १०,००,०००/- | |
| २ | तान्द्राङ टक्सार | १०,००,०००/- | |
| ३ | सूर्यपाल | ८,०५,०००/- | |
| ४ | रम्घा | १०,००,०००/- | |
| ५ | समिभन्ज्याङ | ८,००,०००/- | |
| ६ | भोर्लेटार | ९,००,०००/- | |
| ७ | इशानेश्वर | ९,००,०००/- | |
| ८ | डढुवा दुर्छा | ८,००,०००/- | |
| ९ | बाङग्रे | १०,००,०००/- | |
| १० | नेटा | १०,००,०००/- | |
| | जम्मा | ९२,०५,०००/- | |

**आ.व २०७८/२०७९ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित वडागत आयोजनाहरुः**

<u>वडा नं. १ जिता</u>

१. जिताकोट खलगाँउ हुदै भ्यू टावर जाने बाटो तथा सप्तधारा बाट जामुने जाने सिढी निर्माण– ५,००,०००/-

२. राइपाली हुदै कालिका मन्दिर तथा घर्तीखोला नालिनचौर जाने सिढी निर्माण – ५,००,०००/-

<u>वडा नं. २ तान्द्राङ टक्सार</u>

१.धारापानी, पधेरो, पोखरी तथा दलित वस्ती बाटो मर्मत – ६,००,०००/-

२. खहरे खोला बाट धुसेनी तामाखानी पैदल मार्ग मर्मत – ४,००,०००/-

<u>वडा नं. ३ सूर्यपाल</u>

१. ढलेको वरदेखि हस्पिटल जाने पैदल मार्ग निर्माण – २,००,०००/-

२. रामबालोदय आ.विद्यालयबाट ढापे सम्म कच्ची नाली निर्माण – ४,००,०००/-

३. सचेतना देखि देउराली जाने पैदल मार्ग तथा सिढी निर्माण – २,०५,०००/-

<u>वडा नं. ४ रम्घा</u>

१. ठूलो कुमाल गाँउ पधेरो सिढी निर्माण – २,५०,०००/-

२. काजीको धारा तथा शेरा सिढी निर्माण – २,५०,०००/-

३. बगैचा पदमार्ग निर्माण – ३,५०,०००/-

४. लामीडाडा सिढी निर्माण – १,५०,०००/-

**<u>वडा नं. ५ समिभन्ज्याङ</u>**

१. पोखरीथोक सिढी निर्माण तथा रिठेपानी पधेरो निर्माण -४०००००/-

२. कर्तपुर ठाडो बाटो सिढी निर्माण -२,००,०००/-

३. मगर बस्ती सिढी निर्माण – २,००,०००/-

**<u>वडा नं. ६ भोर्लेटार</u>**

१. सिम्ले टुडो देखि बाघमारे हुदै भोर्ले अकला जाने सिढी निर्माण – ९,००,०००/-

**<u>वडा नं. ७ इशानेश्वर</u>**

१. कुसुमाकर मा.वि. सिसौघारी खेल मैदान सिढी निर्माण - ३,००,०००/-

२. छहरे पधेंरो सिढी निर्माण – २,००,०००/-

३. गैह्रा सालघारी सिढी निर्माण – २,००,०००/-

४. सालवोटे दुइधारे सिढी निर्माण – २,००,०००/-

**<u>वडा नं. ८ डढुवा दुर्छा</u>**

१. फिर्तुङ बाट मकुटेसम्म सिढी निर्माण – ४,००,०००/-

२. दलित भवन निर्माण – ४,००,०००/-

**<u>वडा नं. ९ बाङग्रे</u>**

१.भदौरे बगेरथानमा ठाटी निर्माण र पर्खाल निर्माण – ३०००००/-

२. नौविसेबाट कुन्छाली चौतारा सम्म पदमार्ग निर्माण – २०००००/-

३. कटरबोटे गल्लीबाट खत्रीखेत को मोटर बाटो सम्म पदमार्ग निर्माण – २०००००/-

४. कुन्छाली चौताराबाट ध्याउसीवास जाने गोरेटो बाटो पदमार्ग निर्माण – १०००००/-

५. भवन गल्ली देखि तल्लोथर सम्म पदमार्ग निर्माण – २०००००/-

**<u>वडा नं. १० नेटा</u>**

१. वडा भित्र पदमार्ग निर्माण एवं बाटो मर्मत – ६,००,०००/-
२. चौतारा एवं पार्क निर्माण – ४,००,०००/-

**१२. निर्णय नम्वर १२**

प्रस्ताव नम्वर १२ माथि छलफल गर्दा हाल यस नगरपालिकामा, नगरपालिकाका वडाहरुमार स्वास्थ्य ईकाइहरुमा सेवा करार तथा अस्थायीरुपमा कार्यारत देहायअनुसारका कर्मचारीहरु दैनिक कामकाजकोलागि तत्काल अत्याबश्क भएको र निजहरुको म्याद २०७८ साल पुष मसान्तमा समाप्तहुने भएकोले नगरपालिकालाई आवश्यक नभएमा वा अन्य व्यवस्था भएमा स्वत:अबकाश हुनेगरी मिति २०७८ माघ १ गते देखि लागु हुनेगरी २०७९ साल असार मसान्तसम्मको म्याद थप गर्ने निर्णय गरियो ।

| सि नं | नाम थर | पद | नियुक्तिको प्रकार | कार्यरत स्थान |
|---|---|---|---|---|
| १ | विपिन अधिकारी | कृषि अधिकृत | दरबन्दी कारार | नगरपालिका |
| २ | उत्तम सुवेदी | ईन्जिनियर | दरबन्दी कारार | नगरपालिका |
| ३ | आकाश गुरुङ | सुचना प्रविधी अधिकृत | कार्यक्रम करार | नगरपालिका |
| ४ | राधा ढकाल | रोजगार संयोजक | कार्यक्रम कारार | नगरपालिका |
| ५ | सुबन श्रेष्ठ | प्राविधिक सहायक | कार्यक्रम करार | नगरपालिका |
| ६ | प्रकाश खनाल | एम.आई.एस अपरेटर | कार्यक्रम करार | नगरपालिका |
| ७ | राजिव वाग्ले | असिस्टेण्ट सव ईन्जिनियर | दरबन्दी कारार | नगरपालिका |
| ८ | संजय पौडेल | कम्प्युटर अपरेटर | दरबन्दी करार | नगरपालिका |
| ९ | सन्तोष बगाले | फिल्ड सहायक | कार्यक्रम करार | नगरपालिका |
| १० | मणिराम पोखरेल | खा पा स टे | अस्थायी | नगरपालिका |
| ११ | सुशिल शाही | हल्का सवारी चालक | नगरपालिका करार | नगरपालिका |
| १२ | मनबहादुर नेपाली | हल्का सवारी चालक | नगरपालिका करार | नगरपालिका |
| १३ | साजन गुरुङ | कार्यालय सहयोगी | नगरपालिका करार | नगरपालिका |
| १४ | उदय गुरुङ | कार्यालय सहयोगी | नगरपालिका कारार | नगरपालिका |

| | | | | |
|---|---|---|---|---|
| १५ | कुलबहादुर रानाभट | कार्यालय सहयोगी | नगरपालिका करार | नगरपालिका |
| १६ | पदमबहादुर रानाभाट | कार्यालय सहयोगी | नगरपालिका करार | नगरपालिका |
| १७ | चिजामायाँ खवास | कार्यालय सहयोगी | नगरपालिका करार | १ नं वडा कार्यालय |
| १८ | नारान बहादुर गुरुङ | कार्यालय सहयोगी | नगरपालिका करार | २ नं वडा कार्यालय |
| १९ | जुना थापा | कार्यालय सहयोगी | नगरपालिका करार | ३ नं वडा कार्यालय |
| २० | बावुराम कुमाल | कार्यालय सहयोगी | नगरपालिका करार | ४ नं वडा कार्यालय |
| २१ | किशोर जोशी | कार्यालय सहयोगी | नगरपालिका करार | ५ नं वडा कार्यालय |
| २२ | मायाँदेवी नेपाली | कार्यालय सहयोगी | नगरपालिका करार | ६ नं वडा कार्यालय |
| २३ | बालकृष्ण श्रेष्ठ | कार्यालय सहयोगी | नगरपालिका करार | ७ नं वडा कार्यालय |
| २४ | कुलबहादुर गुरुङ | कार्यालय सहयोगी | नगरपालिका करार | ८ नं वडा कार्यालय |
| २५ | दिपक घर्ति | कार्यालय सहयोगी | नगरपालिका करार | १० नं वडा कार्यालय |
| २६ | घनश्याम घिमिरे | अ हे व | दरबन्दी करार | स्वास्थ्य चौकी बांग्रे |
| २७ | अन्जना पुरी | अ हे व | दरबन्दी करार | स्वास्थ्य चौकी जिता |
| २८ | प्रतिमा श्रेष्ठ | अ हे व | दरबन्दी करार | स्वास्थ्य चौकी नेटा |
| २९ | सविता घिमिरे | अ हे व | दरबन्दी करार | स्वास्थ्य चौकी करापु |
| ३० | मनिषा दुरा | ल्याव असिष्टेन्ट | नगरपालिका करार | स्वास्थ्य चौकी भोर्लेटार |
| ३१ | तारा गुरुङ | ल्याव असिष्टेन्ट | नगरपालिका करार | स्वास्थ्यचौकी चिशंखु |
| ३२ | श्रृजना प्रधान | ल्याव असिष्टेन्ट | नगरपालिका करार | स्वास्थ्य चौकी रम्घा |
| ३३ | मेलिना कुमाल | कार्यालय सहयोगी | सेवा करार | स्वास्थ्य चौकी रम्घा |
| ३४ | देवकला श्रेष्ठ | कार्यालय सहयोगी | सेवा करार | स्वास्थ्यचौकीसमिभन्ज्याङ |
| ३५ | विनोद ढकाल | कार्यालय सहयोगी | सेवा करार | स्वास्थ्य चौकी बाँग्रे |
| ३६ | सरिता अछामी | कार्यालय सहयोगी | सेवा करार | स्वास्थ्य चौकी नेटा |
| ३७ | गम बहादुर गुरुङ | कार्यालय सहयोगी | सेवा करार | स्वास्थ्यचौकी करापु |
| ३८ | सुरेन्द्रराज पौडेल | कार्यालय सहयोगी | सेवा करार | स्वास्थ्य शाखा न पा |
| ३९ | खेमबहादुर रानाभाट | कार्यालय सहयोगी | सेवा करार | शहरी स्वास्थ्य केन्द्र बाँग्रेबेशी |
| ४० | तिलकराम क्षेत्री | कार्यालय सहयोगी | सेवा करार | स्वास्थ्य चौकी सूर्यपाल |
| ४१ | चन्द्रावती न्यौपाने | कार्यालय सहयोगी | नगरपालिका करार | नगरपालिका |
| ४२ | सुनिता कुमारी | अभयङ्ककर्ता | कार्यक्रम करार | आयूर्वेद औषधालय सोतिपसल |
| ४३ | दिपेन्द्र पौडेल | ना प स्वा प्रा | कार्यक्रम करार | न पा पशुसेवा शाखा |

| | | | | |
|---|---|---|---|---|
| ४४ | दिपक रेग्मी | ना प स्वा प्रा | कार्यक्रम करार | पशुसेवा केन्द्र सोतिपसल |
| ४५ | अमृत अधिकारी | ना प से प्रा | कार्यक्रम करार | वडा नं ७ |
| ४६ | वसन्ता पौडेल | ना प्रा स | कार्यक्रम करार | न पा कृषिसेवा शाखा |
| ४७ | सावित्री थापा | अ न मि | बर्थिङ कार्यक्रम करार | जिता स्वास्थ्य चौकी |
| ४८ | अस्मिता कार्की | अ न मि | कार्यक्रम करार | टक्सार स्वास्थ्य चौकी |
| ४९ | मुना अचाजु | अ न मि | कार्यक्रम करार | रम्घा स्वास्थ्य चौकी |
| ५० | सुनिता गुरुङ | अ न मि | कार्यक्रम करार | भोर्लेटार स्वास्थ्य चौकी |
| ५१ | सुनिता वि क | अ न मि | कार्यक्रम करार | बाँग्रे स्वास्थ्य चौकी |
| ५२ | लुचन गुरुङ | अ न मि | कार्यक्रम करार | करापु स्वास्थ्य चौकी |
| ५३ | रविना पौडेल | अ.न.मी | नगरपालिका करार | रम्घा स्वास्थ्य चौकी |
| ५४ | उषा देवी घिमिरे | अ.हे.व. | दरबन्दी करार | नेटा स्वास्थ्य चौकी |
| ५५ | ईश्वरी बोटे | अ.हे.व. | दरबन्दी करार | बाङ्ग्रे स्वास्थ्य चौकी |
| ५६ | प्रिमा सुनार | अ.हे.व. | दरबन्दी करार | करापु स्वास्थ्य चौकी |
| ५७ | अनिसा वि क | अ हे व | दरबन्दी करार | जिता स्वास्थ्य चौकी |
| ५८ | चिजामाया गुरुङ | अ हे व | दरबन्दी करार | बाग्रे स्वास्थ्य चौकी |
| ५९ | मुना माझी | अ हे व | दरबन्दी करार | कारापु स्वास्थ्य चौकी |
| ६० | सोमायाँ गुरुङ | अ हे व | दरबन्दी करार | समिभन्ज्याङ स्वास्थ्य चौकी |
| ६१ | अमृता श्रेष्ठ | अ हे व | दरबन्दी करार | रम्घा स्वास्थ्य चौकी |
| ६२ | सुक्मित गुरुङ | का.स. | नगरपालिका करार | जिता स्वास्थ्य चौकी |
| ६३ | जयन्ती दुरा | वैद्य | दरबन्दी करार | सोतीपसल आयुर्वेद औषधालय |
| ६४ | शिवराज पौडेल | अ हे व | दरबन्दी करार | टक्सार स्वास्थ्य चौकी |
| ६५ | अनिता न्यौपाने | हे अ | दरबन्दी करार | बाँग्रे स्वास्थ्य चौकी |
| ६६ | अविरल श्रेष्ठ | हे अ | दरबन्दी करार | सूर्यपाल स्वास्थ्य चौकी |
| ६७ | विन्दु दुरा | हे अ | दरबन्दी करार | नेटा स्वास्थ्य चौकी |
| ६८ | संगीता खनाल | हे अ | दरबन्दी करार | तान्द्राङ टक्सार स्वास्थ्य चौकी |
| ६९ | अस्मिता गुरुङ | हे अ | दरबन्दी करार | समिभञ्ज्याङ स्वास्थ्य चौकी |
| ७० | पूजा गुरुङ | हे अ | दरबन्दी करार | जिता स्वास्थ्य चौकी |
| ७१ | रविन्द्र थापा | अ हे व | दरबन्दी करार | नेटा स्वास्थ्य चौकी |
| ७२ | सावना गुरुङ | अ न मि | बर्थिङ कार्यक्रम | नगरपालिका |

| | | | | |
|---|---|---|---|---|
| | | | करार | |
| ७३ | सुशिला थारु | उद्यम विकास सहजकर्ता | कार्यक्रम करार | नगरपालिका |
| ७४ | गौरी धमला | उद्यम विकास सहजकर्ता | कार्यक्रम करार | नगरपालिका |
| ७५ | सरीता गुरुङ | नेत्र सहायक | कार्यक्रम करार | भोर्लेटार आँखा उपचार केन्द्र |
| ७६ | शुसिल पौडेल | मेडिकल अधिकृत | नगरपालिका करार | कोभिड अस्पताल |
| ७७ | सृजना गुरुङ | स्टाफ नर्स | नगरपालिका करार | कोभिड अस्पताल |
| ७८ | मालती गिरी | कार्यालय सहयोगी | नगरपालिका करार | कोभिड अस्पताल |
| ७९ | विकास वि.क. | सामाजिक परिचालक | नगरपालिका करार | पशु शाखा |
| ८० | चादँनी गुरुङ | कार्यालय सहयोगी | दरबन्दी करार | आयुर्वेद औषधालय |

१३.**निर्णय नं १३**

प्रस्ताव नं १३ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिकाको डेक्सटप कम्प्युटर मलटी फङ्सनल प्रिन्टर, राउटर □/ कनेक्टीभीटीको नगरपालिकामा दररेट कायम नभएकाले Technical Specifications And Standards बमोजिम ३ कम्युटर विक्रेताबाट उपलब्ध बजार भाउ अनुसार सबैभन्दा कम निम्न अनुसारको दररेट स्वीकृत गर्ने निर्णय गरियो ।